# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८१/०८२
च. नं.:

मिति: २०८१/१२/०४

## आगलागी नियन्त्रण सचेतनाका लागि गाउँपालिकाको अनुरोध !!!

लामो समयदेखि प्रर्याप्त वर्षा नभएको हुँदा आगलागीका घटना बढ्नसक्ने सवैलाई जानकारी छ ।सामान्य हेलचक्र्याईंका कारण वन जंगल तथा मानव वस्तीमा आगलागीका घटनाहरु गत वर्ष बढ्दै गएको र यो वर्ष पनी उक्त घटनाहरु दोहोरिन सक्ने सम्भावना रहेका छन । आगलागी भएमा वन्यजन्तु तथा वन्यजन्तुको वासस्थान नासिने, मानव स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने, जनधनको क्षति हुने, ऐतिहासिक एवं धार्मिक संरचनामा क्षति पुग्न सक्ने र वन सम्पदामा ह्रास आउने हुँदा आगलागी तथा डढेलो लाग्न नदिन तपसिल बमोजिमका सुरक्षा सतर्कता अपनाउनु हुन सम्पूर्ण पालिकाबासी आम नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

तपसिल

१. मानव वस्ती तथा वन जंगल रहेको खुल्ला ठाउँमा आगो नफालौं ।
२. चुरोट, विडी सेवन नगरौं, सेवन गरेमा आगो सहितको ठुटा निभाएर मात्र फाल्ने गरौं ।
३. सलाई, लाईटर जस्ता आगो बाल्न प्रयोग हुने वस्तुहरु बालवालिकाको पहुँचबाट टाढा र सुरक्षित राखौं ।
४. पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र सावधानी पूर्वक प्रयोग गरौं ।
५. वन भोज लगायतका कार्यक्रम गर्दा आवश्यक सतर्कता अपनाऔं ।
६. वनमा भएका पात, पतिङ्गर तथा सोत्तर सफा गरी अग्नी रेखा निर्माण गरौं ।
७. खेतवारीमा काँडा लगायत अन्य वस्तुहरु पोल्ने नाउँमा जथाभावी आगो नलगाउँ यदि आगो बाल्नै परेमा विहान वा वेलुकाको समयमा हावा हुरी नलागेको अवस्थामा मात्र बालौं र काम नसकुन्जेल आगो लगाएको स्थान नछोडौं र निभाउँदा पानी हालेर राम्रोसँग निभाएर मात्र छाडौं ।
८. पानीका मुहान, पोखरी , दह तथा तालको सुरक्षा गरौं, आकस्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
९. आगो निभाउदा पानी, माटो र स्याउलाको प्रयोग गरौं ।


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo

१०. आफ्नो घर, गोठ वरपर रहेका आगो लाग्न सक्ने वस्तुहरु आजैबाट हटाऔं ।

११.नजिकको वन क्षेत्रमा आगलागी भएमा आफ्नो जिउ ज्यानमा खतरा नहुने गरी आगो निभाउन सहयोग गरी आफ्नो कर्तव्य निभाऔं ।

१२.आगलागी भईहालेमा नजिकैको वडा कार्यालय, स्थानीय सुरक्षा निकाय,सत्यवती गाउँपालिका, गाउँ प्रहरी, सत्यवती गाउँपालिका (वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा) वा नजिकको प्रहरी चौकीमा तुरुन्त जानकारी गराऔं ।

पुनश्चः वनमा आगो लगाउनु अपराध हो, कसैले व्यक्तिगत मनसाय राखी आगो लगाएको पाईएमा वन ऐन, २०७६ को दफा ४९ को खण्ड (घ) अन्तर्गत कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ६० हजार जरिवाना वा दुवै सजाय हुने व्यहोरा समेत जानकारी गराउदछौं साथै नियतवस वा जानीजानी कोही कसैले आगलागी गराएको सूचना दिने व्यक्तिलाई गाउँपालिकाले उचित पुरस्कार समेत दिने छ ।

**<u>सम्पर्कका लागिः</u>**

*ईलाका प्रहरी कार्यालय, जोहाङ्ग ९७४४३४९३१८, गाउँ प्रहरी ९८४७२७१९८६, अध्यक्ष ९८५७०२०२७४, उपाध्यक्ष ९८४७०९२४७६, प्रमुख प्रशासकीय अधिकृत ९८५७०६७९०३, वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा ९८४४७४७५२० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

"वन जंगल तपाई हामी सबैको साझा सम्पति हो, त्यसैले गाउँ टोलमा आगलागी तथा वन डढेलोको रोकथाम बारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं ।"

उपाध्यक्ष
निरमाया तरामु
**निरमाया तरामु**
**उपाध्यक्ष**

अध्यक्ष
टिकाराम पाण्डे
**टिकाराम पाण्डे**
**अध्यक्ष**